| | |
|---|---|
| बैठक संख्या | : ५४ औं (२ औं आ.व. ०७५/७६) |
| बैठक मिति | : २०७५ साल श्रावण २१ गते |
| बैठकको अध्यक्षता | : श्री मन्जु कुमारी खड्का अध्यक्ष |
| संस्था | : सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख |
| बैठक स्थल | : संस्थाको केन्द्रीय कार्यालय, दैलेख |
| बैठक/समिति | : केन्द्रीय कार्य समितिको नियमित बैठक |

उपस्थिति,

| | |
|---|---|
| श्री मन्जु कुमारी खड्का | : अध्यक्ष |
| श्री हीरासिंह थापा | : निवर्तमान अध्यक्ष (संस्थापक अध्यक्ष) |
| श्री विरबहादुर नेपाली | : उपाध्यक्ष |
| श्री कल्पना थापा | : सचिव |
| श्री दुर्गा कुमारी श्रेष्ठ | : कोषाध्यक्ष |
| श्री झलकबहादुर भण्डारी | : सदस्य |
| श्री सूर्यबहादुर शाही | : सदस्य |
| श्री धनलक्ष्मी वादी | : सदस्य |
| श्री महेन्द्र कुमार कार्की | : सदस्य |
| श्री बसन्त श्रेष्ठ | : निर्देशक |

*निर्णय नं. १,*

यस संस्थाको केन्द्रीय कार्य समितिको आ.व. ०७४/७५ को ५३ औं बैठक अवधि देखि यस बैठक अवधि विच भए गरेका निर्णयहरुको समिक्षा गर्दै संस्था, संस्था पदाधिकारी र सदस्यहरु लगायत कर्मचारीहरु र संस्था समेतका विषयमा सुनेका र मनमा लागेका कुराहरु आदान प्रदान गरियो ।

*निर्णय नं. २*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखद्धारा वालवालिका र महिलाको सवालमा गरेको कामवाट प्रभावित भई जोखिममा रहेका वालवालिकालाई अध्ययनको लागि स्टेशनरी सहयोग गर्नका लागि कोरियामा वसेका साथीहरुको सहयोगलाई पुर्ण कोईरालाले संस्थाको मेगा वैंक रहेको सोसेक कोष खातामा रु. १०,०००/- (अक्षरुपी दश हजार) मात्र सहयोग गरेको निजलाई धन्यवाद दिने र आगामी दिनमा पनि निरन्तर सहयोग रहने अपेक्षा सहित निजलाई आगामी साधारण सभावाट प्रसंशा पत्र दिने निर्णय गरियो ।

## *निर्णय नं. ३*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको २१ औं साधारण सभा तथा ८ औं अधिवेशन संस्थाको स्थापना दिवश भाद्र ११ गते नै सम्पन्न गर्ने र यस साधारण सभा अधिवेशन समेत भएकोले कार्य समितिको निर्वाचन गर्ने भएको कारण निर्वाचन अधिकृतको रुपमा संस्थाका सल्लाहकार देवेन्द्र थापालाई प्रमुख निर्वाचन अधिकृत नियुक्ति गर्ने र निज र उहाँले लिने सहयोगी टिम सहितको यस अवधिको पारिश्रमिक रु. १०,०००/- (अक्षरुपी दश हजार) दिने निर्णय गरियो ।

## *निर्णय नं. ४*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको २१ औं साधारण सभा तथा ८ औं अधिवेशन संस्थाको स्थापना दिवश भाद्र ११ गते नै सम्पन्न गर्ने र यो साधारण सभा अधिवेशन समेत भएकोले कार्य समितिको निर्वाचन गर्ने भएको, साधारण सभा अवधिमा निर्वाचन प्रक्रिया गर्दा सबैको ध्यान निर्वाचनमा जाने र साधारण सभामा छलफल गर्नु पर्ने विषय वस्तु प्रति ध्यान नजाने भएको कारणले प्रमुख निर्वाचन अधिकृतलाई मिति २०७५ भाद्र ६ गते देखि निर्वाचन कार्य तालिका प्रकासित गरि मिति २०७५ भाद्र ९ गते सम्म उम्मेदवारको अन्तिम नामावली प्रकासित गर्ने गरि कार्यतालिका तयार गर्न निर्देशन दिने निर्णय गरियो ।

## *निर्णय नं. ५*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखद्धारा संचालित विभिन्न परियोजनाको अनुगमनको लागि अनुगमन अधिकृतको रुपमा पुस्कर प्रसाद शर्मालाई नियुक्ति गर्ने र निजलाई अन्य परियोजनाको मिलको काम सहित आशा परियोजनामा जिल्ला सामाजिक परिचालक संयोजकको जिम्मेवारी दिने निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | मासिक तलब | सञ्चय कोष | दुर्गम भत्ता | सञ्चार | जम्मा | नियुक्ती लागु हुने मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | पुस्कर प्रसाद शर्मा | अनुगमन अधिकृत | २७,२७०/- | २,७२७/- | ० | ० | २९,९९७/- | श्रावण १ देखि लागु हुने गरि | |

## *निर्णय नं. ६*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको खरिद समितिमा सदस्यकोरुपमा संस्थाका साधारण सदस्य टिका जैसीलाई मनोनित गर्ने निर्णय गरियो ।

## *निर्णय नं. ७*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको साधारण सभावाट सम्मानित हुने व्यक्तिहरुको छनौट गरि कार्यसमितिमा पेश गर्न तपसिल वमोजिमको पुरस्कार छनौट समिति वनाउने र उक्त समितिले भाद्र ६ गते भित्र नामावली फाईनल गरि कार्यसमितिमा पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. उपाध्यक्ष विर वहादुर नेपाली : संयोजक
२. कोषाध्यक्ष दुर्गा श्रेष्ठ : सदस्य
३. निर्देशक वशन्त श्रेष्ठ : सदस्य
४. प्रशासन तथा लेखा अधिकृत टिकाराम सापकोटा : सदस्य
५. डकुमेन्टेशन अधिकृत नेह्रा श्रेष्ठ : सदस्य

*निर्णय नं. ८*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको बाल अधिकार अनुगमन अधिकृत प्रभा विकलाई संस्थाबाट संचालित सहयात्रा वाहेकका परियोजनामा मिल शाखाले गर्नु पर्ने कार्य गर्ने गरि जिम्मेवारी दिएकोमा हालसम्म पनि मिल शाखाले गर्ने कार्यमा जिम्मेवारी पुरा नभएको महशुस भएकोले एक महिनाको समय दिई अल्टिमिटम दिने निर्णय गरियो ।

*निर्णय नं. ८*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको २१ औं साधारण सभा र ८ औं अधिवेशन भाद्र ११ गते सम्पन्न गर्ने भएकोले उक्त साधारण सभामा भाग लिन हुन चाहने आजिवन तथा साधारण सदस्यले भाद्र ५ गतेसम्म सदस्य वन्नेलाई साधारण सभामा भाग लिने दिने निर्णय गरियो ।